# द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३

## १. पृष्ठभूमिः

२०५२ सालदेखि शुरु भएको सशस्त्र द्वन्द्वका कारण हजारौं नेपालीहरु आफ्नो बसोबास भएको स्थानबाट विस्थापित भई मुलुकका विभिन्न भागमा कष्टप्रद जीवनयापन गरिरहेका छन् । आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई भरणपोषणका लागि सहयोग गर्ने, साविक बासस्थानमा फर्कन प्रतिपरिवार एकमुष्ठ सहयोग उपलब्ध गराउने जस्ता कार्यहरु सरकारी तथा गैरसरकारी क्षेत्रबाट विगतदेखि भैरहेका छन् तापनि भयमुक्त वातावरणको अभावमा सबै विस्थापित व्यक्तिहरु आफ्नो साविक वासस्थानमा फर्कन सकिरहेका छैनन् । देशमा शान्ति र स्थायित्वका लागि राजनैतिक दलहरुका बीचमा भएको विस्तृत शान्ति सम्झौता पश्चात् मुलुकको शान्ति सुरक्षाको स्थितिमा सुधार भई विस्थापित व्यक्तिहरुलाई घर फर्किने अनुकूल वातावरण सिर्जना भएको छ । आर्थिक वर्ष २०६३।६४ को बजेट बक्तव्यमा विस्थापित परिवारलाई सहयोग उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे अनुसार सहयोगउपलब्ध भैरहेको छ । विस्थापित व्यक्तिहरुलाई पुनस्थापन गर्ने लगायत शान्ति प्रक्रियाका विभिन्न कार्यमा खर्च जुटाउन नेपाल सरकारले शान्ति कोषको स्थापना गरेको छ । त्यसरी नै आन्तरिक विस्थापनको समस्यालाई सम्बोधन गर्न आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०६३ समेत स्वीकृत भइसकेको छ ।

विस्थापित व्यक्तिहरुलाई तत्काल राहत सुविधा उपलब्ध गराई आफ्नो साविक बासस्थानमा फर्काउने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६३।११।१४ मा थप नीतिगत निर्णय समेत भएको छ । त्यसर्थ मन्त्रिपरिषद्को उक्त नीतिगत निर्णय कार्यान्वयन गर्न प्रस्तुत निर्देशिका तयार गरिएको छ ।

## २. मन्त्रिपरिषद्बाट भएको निर्णयः

विस्थापित व्यक्तिहरुलाई सुरक्षित रुपमा ससम्मान आफ्नो साविक स्थानमा फर्कन सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६३।११।१४ मा द्वन्द्वका कारण विस्थापित भएका परिबारको राहतको लागि सहयोग पुऱ्याउन देहाय बमोजिम गर्ने निर्णय भएको छ ।

"(क) विस्थापित व्यक्तिलाई घर फर्कन यातायात खर्च दुरी अनुसार प्रतिव्यक्ति रु. ३००।- देखि रु. १०००।- सम्म दिने ।

तर कर्णाली अञ्चलको हकमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा छुट्टै दररेट कायम हुने ।



This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(ख) विस्थापित व्यक्तिलाई राहत भरण पोषणका लागि २ महिनासम्म प्रतिव्यक्ति प्रतिदिन रु. ६०।- दिने ।

(ग) विस्थापित परिवारलाई प्रति परिवार घर मर्मत गर्न रु. ५०००।- वा घर निर्माण गर्न पर्ने भएमा रु. १०,०००।- एकमुष्ट दिने ।

(घ) विस्थापित व्यक्तिका बालबालिकालाई शैक्षिक राहत स्वरुप प्रति बालबालिकालाई एक पटक रु. १०००।- एकमुष्ट दिने ।

(ङ) विस्थापित परिवारलाई आयआर्जनका लागि विउ विजन कच्चा पदार्थ खरीद गर्न रु. १०,०००।- र कृषि उपकरण, बस्तुभाउ/उद्योग व्यवसाय/औद्योगिक उपकरण खरीद गर्न रु. १०,०००।- गरी एकमुष्ट रु. २०,०००।- निर्व्याजी ऋण उपलब्ध गराउने । उक्त ऋण पाँच वर्षपछि ऋणीले तिर्ने व्यवस्था मिलाउने ।

(च) उल्लिखित खण्ड (क) वमोजिमको सुविधा विस्थापित बसोबास गरेको जिल्लाको सदरमुकामबाट र खण्ड (ख), (ग), (घ) र (ङ) वमोजिमको सुविधा पहिलेको बसोबास भएको ठाउँमा फर्की सकेपछि सो ठाउँको नजिकको बैङ्कबाट उपलब्ध गराउने ।"

**३. परिभाषाः**

यस निर्देशिकाको प्रयोजनको लागि

(क) **"नीति"** भन्नाले आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०६३ लाई सम्झनु पर्छ ।

(ख) **"द्वन्द्वबाट विस्थापित व्यक्ति वा परिवार"** भन्नाले खास गरी सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानव अधिकार उल्लंघनको गम्भीर अवस्थाको कारण आफ्नो घरबास वा बसोवास गर्दै आएको स्थानमा बस्न नसक्ने अवस्था उत्पन्न भई बाध्यात्मक किसिमबाट आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ग) **"निर्णय"** भन्नाले द्वन्द्वका कारणले विस्थापित भएका परिवारको राहत सुविधा सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६३।११।१४ को निर्णयलाई सम्झनु पर्छ ।

(घ) **"बैंक"** भन्नाले यो राहत सुविधा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले तोकेको बैंकलाइ जनाउने छ ।

**४. विस्थापित व्यक्ति वा परिवारको पहिचानः**

विस्थापित व्यक्ति वा परिवारको पहिचानको लागि यसपूर्व जिल्लास्थित विस्थापित पहिचान समितिले विस्थापितको रुपमा पहिचान गरी दर्ता भएका वा नीतिको दफा ११.४ मा व्यवस्था भएको विस्थापित व्यक्ति पहिचान समितिले विस्थापित व्यक्ति वा परिवारको रुपमा पहिचान गरी दर्ता भएका विस्थापित व्यक्तिहरुलाई मात्र यस निर्देशिका बमोजिमको राहत सुविधा उपलब्ध गराइने छ ।

विस्थापित व्यक्ति पहिचान समितिले नीतिको दफा १२ बमोजिम देहायका आधारमा द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिहरुको पहिचान गर्ने छ ।



This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

(क) सशस्त्र द्वन्द्व वा हिंसाको अवस्थामा द्वन्द्वरत कुनै पक्षले घरजग्गा वा भौतिक सम्पत्ति कब्जा गरेको वा दोहोरो भिडन्तमा परी नष्ट भएको कारण विस्थापित भएको,

(ख) द्वन्द्वरत कुनै पक्षको डर, त्रास, धम्की वा शारीरिक वा मानसिक यातना वा व्यक्तिगत असुरक्षाको कारण विस्थापित भएको,

(ग) सशस्त्र द्वन्द्व वा हिंसाको कारण जीविकोपार्जनको साधन वा उपाय नष्ट भै वा नभई जीविकोपार्जनको समस्या उत्पन्न भै विस्थापित भएको,

(घ) गम्भीर रुपमा मानव अधिकार उल्लंघनको अवस्था सिर्जना भै विस्थापित भएको वा

(ङ) सामाजिक कुरीति वा अन्धविश्वासको कारणले समाजमा अपहेलित भई विस्थापन भएको ।

विस्थापित व्यक्तिहरुको पहिचान गर्नका लागि नीतिको दफा ११.४ मा व्यवस्था भए अनुसार देहाय बमोजिमको विस्थापित पहिचान समिति रहने छ ।

| | |
|---|---|
| अध्यक्ष | - प्रमुख, स्थानीय शान्ति परिषद् वा परिषद् गठन नभइसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारी |
| सदस्य | - स्थानीय शान्ति परिषद्का सदस्य प्रतिनिधिहरु दुईजना |
| सदस्य | - स्थानीय विकास अधिकारी |
| सदस्य | - प्रमुख, जिल्ला प्रहरी कार्यालय |
| सदस्य सचिव | - सहायक प्रमुख जिल्ला अधिकारी वा प्र.जि.अ.ले तोकेको अधिकृत स्तरको कर्मचारी |

## ५. विस्थापित भै बसोबास गरेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध हुने राहत सुविधाः

(क) निर्णयको खण्ड (क) बमोजिम उपलब्ध गराइने यातायात खर्चवापत न्यूनतम रु. ३००।- भन्दा बढी दिनु पर्दा प्रचलित सार्वजनिक बस भाडा दरलाई आधार मानी प्रमुख जिल्ला अधिकारीले निर्धारण गरे बमोजिम प्रतिव्यक्ति बढीमा रु. १०००।- सम्म दिने ।

(ख) कर्णाली अञ्चलको हकमा विस्थापित व्यक्ति फर्कने जिल्लाको निकटको विमानस्थलसम्म पुग्न लाग्ने हवाई भाडा र अन्य यातायात खर्च वापत अधिकतम रु. १०००।- सम्म प्रमुख जिल्ला अधिकारीले निर्णय गरी उपलब्ध गराउने छ ।

(ग) यसरी भुक्तानी गरिएको यातायात खर्च तथा व्यक्तिहरुको विवरण भुक्तानी गर्ने जिल्ला प्रशासन कार्यालयले सम्बन्धित विस्थापित व्यक्ति वा परिवार फर्की जाने जिल्लाको जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## ६. विस्थापित व्यक्ति आफ्नो स्थायी बसोबास भएको जिल्लामा फर्किसकेपछि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध हुने अनुदान राहत सुविधा :

### ६.१. भरणपोषण खर्चः

विस्थापित व्यक्ति आफ्नो साविक बसोबासको स्थानमा फर्किएको प्रमाणित भएपछि मात्र भरणपोषण बापतको रकम उपलब्ध गराइने छ । आफ्नो बसोबासको स्थानमा फर्किएको प्रमाणको लागि विस्थापित व्यक्तिले सम्बन्धित गा.वि.स. सचिव वा निज अनुपस्थित रहेको अवस्थामा सो स्थानको नजिकैको कुनै सरकारी विद्यालयको प्रधानाध्यापकले प्रमाणित गरिदिएको विवरणलाई प्रमुख जिल्ला अधिकारीले आधारको रुपमा लिने छ ।

### ६.२. घर मर्मत तथा निर्माण खर्चः

विस्थापित परिवारले घर मर्मत गर्न वा घर निर्माण गर्न पाउने दुई सुविधामध्ये कुनै एक सुविधा मात्र पाउने छ । घर निर्माणवापत रु. १०,०००।- उपलब्ध गराउनु पर्दा घर निर्माण गर्नुपर्ने अवस्था हो होइन भन्ने बारे प्रमुख जिल्ला अधिकारीले वास्तविकता बुझी भुक्तानी गर्नेछ ।

### ६.३. शैक्षिक राहतः

शैक्षिक राहतस्वरुप एकमुष्ठ उपलब्ध गराइने रकम विस्थापित व्यक्तिका १६ वर्ष मुनिका बालबालिकाहरुलाई मात्र उपलब्ध गराइने छ । बालबालिकाको उमेर यकिन गर्न जन्म दर्ता प्रमाण पत्र वा गाउँ विकास समितिको सिफारिश वा शैक्षिक संस्थाबाट दिइएको उमेर खुलेको कागजात वा प्रमुख जिल्ला अधिकारीले उपयुक्त देखेको अन्य कुनै आधार लिन सकिनेछ ।

६.४. यस दफा अन्तरगतको रकम भुक्तानीका लागि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा माग गर्नेछ ।

## ७. जिल्ला प्रशासन कार्यालयको सिफारिशमा बैंकबाट उपलब्ध हुने निर्व्याजी ऋण सुविधाः

निर्णयको खण्ड (ङ) बमोजिम उपलब्ध हुने ५ वर्षे निर्व्याजी ऋण सुविधा नेपाल सरकारको जमानतमा तोकिएको बैंकबाट उपलब्ध हुनेछ । ऋण प्रवाह गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीले बैंकलाई सिफारिश गर्ने छ । यसरी उपलब्ध गराइएको ऋण रकम ५ वर्षपछि भुक्तानी गर्नु पर्नेछ ।

## ८. बजेट व्यवस्था, रकम निकासा तथा भुक्तानी प्रक्रिया :

८.१. निर्णयको खण्ड (क), (ख), (ग) र (घ) अनुसारको यातायात खर्च, भरणपोषण खर्च, घर मर्मत वा निर्माण खर्च र शैक्षिक राहत वापत आवश्यक पर्ने रकम गृह मन्त्रालयले अर्थ मन्त्रालयमा माग



This document was created using SmartPDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

गर्नेछ । यस्तो माग पठाउँदा जिल्लागत रुपमा आवश्यक पर्ने रकम खुलाई पठाउनु पर्नेछ । अर्थ मन्त्रालयले माग भए अनुसारको रकम अनुदान संकेत र खर्च शीर्षकसमेत खोली महालेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने छ । सो रकम प्रमुख जिल्ला अधिकारीले माग गरे बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिने छ ।

८.२. निर्णयको खण्ड (ङ) बमोजिम उपलब्ध गराइएको निर्व्याजी ऋण रकमको व्याज वापतको रकम भुक्तानीको लागि बैंकले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा माग गर्ने छ । यस्तो व्याज वापत आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालय मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा निकासा उपलब्ध गराउने छ ।

८.३. निर्णयको खण्ड (क) बमोजिमको यातायात खर्च विस्थापित व्यक्ति विस्थापित भई बसोबास गरेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट र खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको भरणपोषण, घर मर्मत वा निर्माण, शैक्षिक राहत र आयआर्जन वापतको ऋण रकम विस्थापित व्यक्ति आफ्नो स्थायी बसोबास भएको ठाउँमा फर्किसकेपछि मात्र उपलब्ध गराइने छ ।

८.४. यस निर्देशिका बमोजिम राहत सुविधा पाउने व्यक्तिहरको नामाबली र प्राप्त रकमको विवरण प्रत्येक जिल्ला प्रशासन कार्यालयले प्रकाशन गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने छ ।

८.५. अभिलेख व्यवस्था : राहत सुबिधा बापत उपलब्ध गराएको अनुदान र ऋण रकमको अभिलेख सम्बन्धित जिल्ला प्रशासन कार्यालयले राख्नु पर्नेछ । सो अभिलेखको विवरण गृह मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

**९. यस निर्देशिकाका विभिन्न दफाहरु बमोजिमका कामकारवाहीको लागि आवश्यक फारामहरु देहाय बमोजिम हुनेछन् ।**

| सि.नं. | सम्बन्धित दफा | प्रयोजन | अनुसूची नं. |
|---|---|---|---|
| १ | ५ | यातायात खर्च माग गर्ने निवेदन | १ |
| २ | ५ | यातायात खर्च उपलब्ध गराएको जानकारी | २ |
| ३ | ६.१, ६.२, ६.३ | भरणपोषण, घरमर्मत वा निर्माण र शैक्षिक राहत खर्च माग गर्ने निवेदन | ३ |
| ४ | ७ | आय आर्जनका लागि ऋण माग गर्ने निवेदन | ४ |
| ५ | ७ | आय आर्जनका लागि ऋण उपलब्ध गराउन बैंकलाई लेख्ने पत्र | ५ |

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-१
(दफा ५ सँग सम्बन्धित)

मिति : ......................

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, ............................ ।

**विषय : यातायात खर्च उपलब्ध गराई पाउँ ।**

.............................. जिल्ला ............................. न.पा./गा.वि.स. वडा नं. ........ मा स्थायी बसोबास भएको म ................................................/सपरिवार द्वन्द्वका कारण मिति ........................ देखि विस्थापित भई ......................... जिल्ला ............................... गा.वि.स./न.पा. वडा नं. ......... मा बसोबास गरिरहेको छु । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६३।११।१४ मा द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिहरुलाई पूर्व बसोबास भएको स्थानमा फर्कन यातायात खर्च लगायत अन्य राहत सहयोग उपलब्ध गराउने निर्णय भएको छ । त्यसर्थ म एक्लै/सपरिवार आफ्नो घर फर्कन आवश्यक यातायात खर्च रु. ...................... उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

विस्थापित परिवारका सदस्यहरुको विवरण

| सि.नं. | नाम, थर | उमेर | घरमुलीसंगको नाता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

संलग्न कागजातहरु :
१.
२.

**निवेदक**



This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

मिति : ......................

श्री जिल्ला प्रशासन कार्यालय,

.................................... ।

**विषय : यातायात खर्च उपलब्ध गराएको ।**

त्यस जिल्ला अन्तर्गत ........................ गा.वि.स./न.पा. वडा नं. ............. मा स्थायी बसोबास भई हाल यस जिल्लाको .............................. गा.वि.स./न.पा. वडा नं. .............. मा विस्थापित भई बसोबास गरिरहेका श्री ......................................... सपरिवार आफ्नो बसोबास भएको स्थानमा पुनर्स्थापित हुन चाहेकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०६३।११।१४ को निर्णय अनुसार निज/निजका परिवारलाई घर फर्कन यातायात खर्च बापत जम्मा रु. .................... उपलब्ध गराइएको हुँदा सोही व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

पूर्व बसोबास भएको स्थानमा फर्कने विस्थापित परिवारका सदस्यहरु

१.

२.

३.

४.

५.

६.

प्रमुख जिल्ला अधिकारी



This document was created using SmartPDFCreator. To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-३
(दफा ६ को उपदफा ६.१, ६.२ र ६.३ संग सम्बन्धित)

मिति : ..................

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, ......................... ।

**विषय : भरणपोषण खर्च/घर मर्मत वा घर निर्माण खर्च** *(कुनै एक कमात्र)*/**शैक्षिक राहत पाउँ ।**

म द्वन्द्वका कारण मिति ...................... देखि विस्थापित भई .......................... जिल्ला अन्तर्गत ............................... गा.वि.स./न.पा. वडा नं. ............ मा बसोबास गर्दै आएकोमा हाल पुनःस्थापित भई पूर्व बसोबास भएको स्थानमा बसीरहेको छु । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६३।११।१४ मा द्वन्द्वका कारण बिस्थापित भएका व्यक्तिहरुलाई पूर्व बसोबास भएको स्थानमा फर्किसकेपछि भरणपोषण खर्च, घर मर्मत वा निर्माण खर्च र शैक्षिक राहत वापत सहयोग उपलब्ध गराउने निर्णय भएको हुँदा तदनुरुपम सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

विस्थापित परिवारका सदस्यहरुको विवरण

| सि.नं. | नाम, थर | उमेर | घरमुलीसंगको नाता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

संलग्न कागजातहरु :
१.
२.

निवेदक



This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-४
(दफा ७ सँग सम्बन्धित)

मिति : ................

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, ......................... ।

**विषय : आय आर्जकालागि विउ, विजन कच्चा पदार्थ खरिद गर्न/कृषि उपकरण वस्तुभाउ/उद्योग व्यवसाय औद्योगिक उपकरण खरिद गर्न ऋण उपलब्ध गराई पाउँ ।**

म र मेरो परिवार द्वन्द्वका कारण मिति .......................... देखि विस्थापित भई ................. जिल्ला .................................... न.पा./गा.वि.स. वडा नं. ......... मा बसोबास गर्दै आएकोमा हाल पुनस्थापित भई मेरो स्थायी बसोबास भएको स्थान .................................... गा.वि.स./न.पा. वडा नं. .......... मा बसोबास गरीरहेको छु । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६३।११।१४ मा भएको निर्णय अनुसार ऋण स्वरुप आय आर्जनका लागि विउ, विजन, कच्चा पदार्थ खरिद गर्न, कृषि उपकरण बस्तुभाउ उद्योग व्यवसाय औद्योगिक उपकरण खरिद गर्न रु. ................. उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

**निवदेक**

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूची-५

(दफा ७ सँग सम्वन्धित)

मिति : .................

श्री ................................ बैंक,

............................................ ।

**विषय : आय आर्जनकालागि विउ, विजन कच्चा पदार्थ खरिद गर्न/कृषि उपकरण बस्तुभाउ/उद्योग, व्यवसाय औद्योगिक उपकरण खरिद गर्न ऋण उपलब्ध गराई दिने ।**

............................. जिल्ला ............................... न.पा./गा.वि.स. वडा नं. ....... बस्ने ...................................... सपरिवार मिति ....................... देखि द्वन्द्वका कारण विस्थापित भई ...................... जिल्ला ........................... न.पा./गा.वि.स. वडा नं. ........ मा सपरिवार बसोबास गरिरहेकोमा निज मिति ...................... देखि स्थायी बसोबास भएको स्थानमा फर्किई पुनस्थापन हुनु भएको छ । जिलाई आय आर्जनका लागि बिउ, विजन, कच्चा पदार्थ खरिद गर्न, कृषि उपकरण, बस्तुभाउ, उद्योग व्यवसाय औद्योगिक उपकरण खरिद गर्न जम्मा रु. ..................... ऋण उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थ :**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,

.................................. ।

प्रमुख जिल्ला अधिकारी